विधेयक संख्याः

# रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक

सङ्घीय संसद् सचिवालय

संसद भवन, सिंहदरबार,

२०८३

<u>रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयकको अवधारणा पत्र</u>

१. <u>नयाँ विधेयक जारी गर्नुपर्ने आवश्यकता</u>:

**(क)** **<u>संवैधानिक कारण</u>**: नेपालको संविधानको धारा ३५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको छ। धारा ५१ को खण्ड (ज) को उपखण्ड (५) मा नागरिकको आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत प्रत्येक नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिबृद्धि गर्दै जाने, उपखण्ड (६) मा गुणस्तरीय स्वास्थ्य सेवामा सहज, सुलभ, र समान पहुँच सुनिश्चित गर्ने, उपखण्ड (९) मा स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने भन्ने उल्लेख छ भने धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको प्रत्याभूत गरेको छ । संविधानद्वारा प्रत्याभूत गरिएका व्यक्तिको स्वास्थ्य सम्बन्धी गुणस्तरीय सेवा सहज रुपमा प्राप्त गर्ने हकको सुनिश्चितताको लागि अस्पतालहरुको विस्तार गर्न तथा गुणस्तरीय स्वास्थ्य शिक्षा प्रदान गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र संचालनवाट मात्र सम्भव छ । यसरी संविधानले निर्दिष्ट गरेबमोजिम संघको अधिकार र जिम्मेवारीलाई दृष्टिगत गरी संघ अन्तर्गत चिकित्सा विधामा उच्च शिक्षा प्रदान गर्न र विशिष्ट स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई लागु भएको र सो आदेशको दफा ७ को उपदफा (१) को खण्ड (छ) मा उल्लेख भए अनुसार "प्रतिष्ठान स्थापना र सञ्चालनको लागि सङ्घीय संसदमा पेश हुने विधेयकको मस्यौदा तयारीमा आवश्यक समन्वय गर्ने" उल्लेख भए अनुसार "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने विधेयक" तर्जुमा गर्न आवश्यक रहेको छ।

**(ख)** **<u>अन्तर्राष्ट्रिय दायित्वः</u>** देहायका विषयमा नेपालले देहायबमोजिम प्रतिबद्धता जनाएकोले यो कानून तर्जुमा गर्नु पर्ने अन्तर्राष्ट्रिय दायित्व सिर्जना भएको छः-

(१) नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र भएको सन्दर्भमा संयुक्त राष्ट्र संघको "दिगो विकास लक्ष्य (Sustainable Development Goals) को लक्ष्य नं ३ मा प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने र लक्ष्य नं. ४ मा सबैलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ। सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचित मूल्यमा स्वास्थ्य सेवाहरूको उपलब्धता बढाउँदै स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्नु राज्यको दायित्व हो।तसर्थ स्वास्थ्य सम्बन्धी गुणस्तरीय शिक्षा प्रदान गरी थप दक्ष जनशक्ति तयार गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई थप व्यवस्थित, मितव्ययी र सेवामुलक बनाउने उद्देश्यले नयाँ ऐनको आवश्यकता रहेको छ।

(२) "स्वास्थ्य शिक्षण संस्थाहरुलाई ठूला शहर वाहिर लैजानु पर्दछ"— *Locate health professional schools, campus and family medicine residency programmes outside of*

*capital and other major cities as graduates of these schools and programmes are more likely to work in rural areas. (WHO, 2010)*

(ग) **<u>सर्वोच्च अदालतको फैसला:</u>** निवेदक निरज शाह समेत र विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको सम्बत् २०६९ सालको रिट नं.०६९-WO-०३४८ को उत्प्रेषणको रिटमा सम्मानित सर्वोच्च अदालतबाट चिकित्सा शास्त्र अध्ययनमा समानुपातिक समावेशीता कायम गर्नु भनी मिति २०७३ भाद्र ८ मा फैसला भएको छ भने हाल कार्यान्वयनमा रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सम्बन्धित ऐनहरुमा भएको व्यवस्थामा एकरुपता कायम गर्नको लागि साथै रामराजा प्रसाद सिंह स्वास्थ्य बिज्ञान प्रतिष्ठान पूर्वाधार तयारी बिकास समिति (गठन) आदेश २०८० मा उल्लेखित ब्यवस्थाको कार्यान्वयन गर्न आवश्यक भएको छ।

(घ) **<u>सरकारको नीति तथा कार्यक्रम:</u>** नेपाल सरकारको नीति स्वास्थ्य क्षेत्रका आयोग, प्रतिष्ठान, काउन्सिल, अनुसन्धान केन्द्र र अस्पतालहरुलाई थप मितव्ययी, व्यवस्थित र प्रभावकारी बनाउने रहेको छ। स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमबाट यस आर्थिक वर्ष समेत रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान राजविराजको नाममा बजेट विनियोजन समेत गरिएको छ।चिकित्सा शिक्षासम्बन्धी प्रतिष्ठानहरुलाई सञ्चालन गर्न एकीकृत छाता ऐन निर्माण भएपश्चात सोही ऐन मार्फत सञ्चालन गर्ने गरी हाल रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न उपयुक्त हुने।

(ङ) **<u>अन्य कुनै कारणः</u>**

२. **<u>नयाँ ऐन बनाई कार्यन्वयन भए पश्चात हाँसिल गरिने उपलब्धीः</u>** विधेयक कार्यान्वयन भएपछि देहायबमोजिमका उपलब्धिहरू हासिल हुनसक्ने अपेक्षा गरिएको छ।

(क) विधेयकले प्रतिष्ठानलाई सरल, मितव्ययी र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

(ख) प्रतिष्ठान अन्तर्गतका अस्पतालहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाहरूको गुणस्तरमा एकरूपता आउने तथा थप सुधार हुनेछ।

(ग) स्वास्थ्य सेवा र चिकित्सा शिक्षाको गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ।

(घ) बिरामीको स्वास्थ्य सुरक्षामा (Patient Safety) सुधार हुन गई हजारौंको ज्यान बचाउन सकिनेछ।

३. **<u>प्रस्तावित विषयमा मौजुदा कानून भए:</u>** हाल रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार तयार गर्ने उद्देश्यले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार विकास समिति (गठन) आदेश, २०८० स्वीकृत भई पूर्वाधार विकासको कार्य भईरहेको छ । ऐ. आदेशको दफा १८ को उपदफा (१) मा समितिको कार्यवधि यो आदेश प्रारम्भ भई समितिको पहिलो बैठक बसेको मितिले तीन वर्ष वा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धी संघीय ऐन प्रारम्भ भएको मितिले पैंतालीस दिन मध्ये जुन पहिले हुन्छ सो दिनसम्म रहने उक्त समितिको प्रथम बैठक मिति २०८१/०१/०२ मा बसेको हुनाले समेत प्रस्तुत विधेयक तत्काल जारी भै कार्यान्वयन हुन आवश्यक छ

४. **<u>मौजुदा कानून संशोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सो को कारण:</u>** मौजुदा कानुनले रामराजा प्रसाद सिंह स्वास्थ्य बिज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति गठन गरेको र सो

समितिको कार्यक्षेत्र अन्तर्गत रामराजा प्रसाद सिंह स्वास्थ्य बिज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश,२०८० को दफा ७ को उपदफा (१) को खण्ड (छ) मा उल्लेख भए अनुसार "प्रतिष्ठान स्थापना र सञ्चालनको लागि सङ्घीय संसदमा पेश हुने विधेयकको मस्यौदा तयारीमा आवश्यक समन्वय गर्ने" काम तोकिएको हुँदा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरी व्यवस्थापनलाई सरल, मितव्ययी र प्रभावकारी बनाउने उद्देश्यले नयाँ कानूनको प्रस्ताव गरिएको हो। साथै दफा १८ को उपदफा (१) मा समितिको कार्यावधि यो आदेश प्रारम्भ भई समितिको पहिलो बैठक बसेको मितिले तीन वर्ष वा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धी संघीय ऐन प्रारम्भ भएको मितिले पैंतालीस दिन मध्ये जुन पहिले हुन्छ सो दिनसम्म रहनेछ भन्ने व्यवस्था रहेको हुँदा नयाँ कानून बनाई प्रतिष्ठान स्थापना गर्नु पर्ने देखिन्छ।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्विकृत गरेको भए उक्त नीति कुन विधिबाट तर्जुमा भएको हो:**

६. **नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी:** मस्यौदा उपर छलफल गर्ने प्रयोजनको लागि "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक" सम्बन्धी नीति निर्माणमा संलग्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका माननीय मन्त्री, राज्यमन्त्री, सचिव, प्रमुख विशेषज्ञ महाशाखा प्रमुख, कानून अधिकृतको उपस्थिति रहेकोछ ।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमुना कानून बनाएको भए तेश्रो मुलुक र कानूनको नाम:** नभएको

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा:** नभएको।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्यय भार पर्ने भएमा अनुमानित वार्षिक व्यय भार:** रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार विकास समितिले तयार गरेको पूर्वाधार र जनशक्तिको उपयोग गरिने हुँदा प्रतिष्ठान सञ्चालन हुँदाका बखत थप हुने शैक्षिक जनशक्तिको लागि थप आर्थिक भार पर्ने भएपनि विद्यार्थीबाट लिईने शुल्क लगायतका स्रोतबाट व्यहोरिने हुँदा दिर्घकालिन थप आर्थिक भार नपर्ने।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने:** प्रस्तावित कानून निर्माण पश्चात विधेयकका दफाले किटान गरेका सभा, परिषद्को निर्माण र प्रशासनिक कार्यको लागि संरचना र कर्मचारीको आवश्यकता पर्ने भएता पनि हालको संरचना र जनशक्तिमा थप गर्नु नपर्ने देखिन्छ।

११. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भएको:** प्रस्तावित कानूनको मस्यौदा विज्ञ, मन्त्रालयका पदाधिकारीले तर्जुमा गरी विधायन ऐन, २०८१ को व्यवस्था बमोजिम सर्वसाधारणको राय सहमति लिइएको, मस्यौदामा नेपाल सरकार अर्थ मन्त्रालयको परामर्श लिई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट तर्जुमा सहमति प्राप्त भएको छ।

१२. **<u>प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरुः</u>** प्रस्तावित "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा मुख्य रुपमा देहायका विषयहरु समावेश हुने छनः-

(क) प्रतिष्ठानको स्थापना, स्वरुप, काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था भएको,

(ख) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा कुलपतिको अध्यक्षतामा सभाको गठन गरिने तथा सभाको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था भएको,

(ग) प्रतिष्ठानका उपकुलपतिको अध्यक्षतामा प्राज्ञिक परिषद्को गठन गरिने तथा प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था भएको,

(घ) प्रतिष्ठानका उपकुलपतिको अध्यक्षतामा कार्यकारी परिषद्को गठन हुने तथा कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था भएको,

(ङ) प्रतिष्ठानमा नियुक्त हुने पदाधिकारीको योग्यता सम्बन्धि विषय समावेश भएको,

(च) कर्मचारीको छनौट समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था भएको,

(छ) शैक्षिक संस्था, अस्पतालहरुको स्थापना तथा संचालन सम्वन्धी व्यवस्था भएको,

(ज) प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी सम्वन्धी व्यवस्था भएको,

(झ) प्रतिष्ठानको शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न सेवा आयोगको गठन गरिएको,

(ञ) प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण सम्वन्धी व्यवस्था गरिएको,

(ट) प्रतिष्ठानले चिकित्सा शिक्षा आयोगले तोकेको मापदण्ड अनुसार पूर्ण रुपमा छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था हुने व्यवस्था गरिएको।

# उद्देश्य र कारण

नेपालको संविधानको धारा ३५ को उपधारा (१) बमोजिम प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यवस्था रहेको। संविधानको धारा ५१ को खण्ड (ज) मा नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीति अन्तर्गत प्रत्येक नागरिकलाई स्वास्थ्य बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिबृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सहज, सुलभ, र समान पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने व्यवस्था रहेको छ। संविधानद्वारा प्रत्याभूत गरिएका स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितताको लागि अस्पतालहरुको विस्तार गर्न तथा गुणस्तरीय स्वास्थ्य शिक्षा प्रदान गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र संचालन गर्न आवश्यक रहेको छ। प्रतिष्ठान स्थापना गर्नको लागि रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० जारी भै पूर्वाधारको कार्य समेत भै रहेको छ। ऐ. आदेशको दफा १८ को उपदफा (१) मा समितिको कार्यवधि यो आदेश प्रारम्भ भई समितिको पहिलो बैठक बसेको मितिले तीन वर्ष वा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धी ऐन प्रारम्भ भएको मितिले पैंतालीस दिन मध्ये जुन पहिले हुन्छ सो दिनसम्म रहने व्यवस्था रहेको छ। उक्त समितिको प्रथम बैठक मिति २०८१/०१/०२ मा बसेको हुनाले समेत प्रस्तुत विधेयक तत्काल जारी भै कार्यान्वयन हुन आवश्यक छ। यसको साथै अन्य प्रदेशमा एक/एक प्रतिष्ठान स्थापना भई सञ्चालनमा रहेको मधेश प्रदेशमा प्रतिष्ठान स्थापना एवं सञ्चालन नरहेको हुनाले प्रादेशिक सन्तुलनको लागि समेत प्रस्तुत प्रतिष्ठान स्थापना भई कार्यान्वयन हुन आवश्यक रहेको छ।

प्रस्तुत विधेयक आर्थिक वर्ष २०८३/०८४ को संघीय संसदमा पेश गरिने विधेयकको पहिलो प्राथमिकता सूचीमा समेत समावेश रहेको हुनाले प्रस्तुत विधेयक जारी भै कार्यान्वयन हुन आवश्यक छ।

निशा मेहता

मन्त्री

२०८३ असोज ६ — स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# आर्थिक टिप्पणी

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने विधेयकमा सभा, कार्यकारी परिषद, प्राज्ञिक परिषद, पदपूर्ति समिति, संकाय, शैक्षिक संस्था तथा अनुसन्धान केन्द्र तथा अस्पतालको संगठनात्मक संरचना तथा कुलपति, सहकुलपति, उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशक जस्ता पदाधिकारीको व्यवस्था गरिएको छ। प्रतिष्ठानको मूल उद्देश्य स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न आवश्यक जनशक्ति तयार गर्न तथा स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने रहेको छ, जुन उद्देश्य पूरा गर्न आर्थिक दायित्व पर्न जाने देखिन्छ। प्रस्तुत विधेयकमा प्रतिष्ठानको कोष सम्बन्धी व्यवस्था रहेको उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरूप प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने गरी स्वायत्त कोषको व्यवस्था रहेको जसले आफ्नै आम्दानीबाट सञ्चालन र व्यवस्थापन हुने उद्देश्य समेत लिएको छ। विधेयकमा प्रतिष्ठान एक स्वशासित संस्था हुने र कानूनी व्यवक्तित्व प्राप्त गर्ने गरी प्रस्ताव गरिएको छ।

प्रतिष्ठानको संगठनात्मक संरचना, पदाधिकारी तथा प्रतिष्ठानले लिएको उद्देश्य पूरा गर्नको लागि आवश्यक पर्ने आर्थिक व्ययभार प्रतिष्ठानको कोषबाट व्यहोरिने र कोषमा नेपाल सरकारबाट उपलब्ध हुने रकमका अतिरिक्त आफ्नै प्रतिष्ठानको आर्जन रकम रहने हुनाले नेपाल सरकारको एकल दायित्व नपर्ने देखिन्छ। यसको साथै हाल सञ्चालनमा रहेको गजेन्द्र नारायण सिंह अस्पताल राजविराज को संरचना नै प्रतिष्ठानको अस्पताको लागि उपयोग गर्न सकिने भएकोले मौजुदा भौतिक संरचनाको परिधिभित्र नै प्रतिष्ठान सञ्चालन गरिने भएकाले संरचनागत रूपमा ठूलो दायित्व नरहने देखिन्छ। प्रदेशिक सन्तुलन सहितको स्वास्थ्य उपचार तथा चिकित्सा शिक्षा तर्फका शैक्षिक कार्यक्रम सञ्चालन हुँदा तत्कालको लागि कोषमा नेपाल सरकारबाट सालवसाली विनियोजित बजेटबाट स्रोत उपलब्ध हुन गई सरकारी खर्च वृद्धि हुने भए तापनि भविष्यमा यसबाट प्रदान भएका सेवा र गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानबाट हुने आम्दानीले आत्मनिर्भर भई राज्यको स्वास्थ्य सम्बन्धि दायित्व पूरा गर्न योगदान पुऱ्याउने हुनाले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन दीर्घकालीन दायित्व न्यून हुदै जाने र नागरिकको स्वास्थ्यमा पहुँच सिर्जनाको साथै स्वस्थ्य जनशक्ति उपलब्ध हुने देखिन्छ।

(निशा मेहता)
मन्त्री
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको बनेको विधेयकको प्रत्यायोजित टिप्पणी**

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | १५(२) | विद्या परिषद्, संकाय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोक्नु पर्ने भएको हुनाले | विद्या परिषद्, संकाय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गरिनुपर्ने। | विद्या परिषद्, संकाय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार व्यवस्था गरिएको हुनेछ। |
| २. | १९ (५) | उपकूलपति नियुक्तिको लागि सिफारिस गर्न बनेको समितिको कार्यविधि तोक्नुपर्ने भएको हुनाले, | समिति स्वयंले कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्ने, | कार्यविधि मार्फत समितिका काम कारवाही व्यवस्थित भई उपकुलपतिको नियुक्ति प्रक्रिया पारदर्शी र व्यवस्थित हुने छ। |
| ३. | २५ (३) | शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशक नियुक्तिको लागि कार्यविधि निर्धारण गर्नुपर्ने भएकोले, | शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशक नियुक्ति सम्बन्धी विधि प्रक्रिया निर्धारण हुने, | कार्यविधि मार्फत पारदर्शि रुपमा उपयुक्त दक्ष पदाधिकारी छनौट हुने कार्य व्यवस्थि हुने, |
| ४. | २९ (५) | पदपूर्ति समितको बैठक सम्बन्धी कार्यविधि निर्धारण गर्नुपर्ने भएको हुनाले, | प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि गठन हुने समितिको कार्यविधि आफै निर्धारण गर्न उपयुक्त हुने भएकोले, समितिको बैठक सम्बन्धी कार्यविधि निर्धारण हुने, | बैठक सम्बन्धी कार्यविधि निर्धारण भई कार्य सरलिकरण एवं पारदर्शी हुनेछ। |
| ५. | ३० (३) | प्रतिष्ठानमा कार्यरत कर्मचारीको काम, कर्तव्य र अधिकार पारिश्रमिक, सुविधा र सेवा अन्य शर्त सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएको हुनाले, | कर्मचारीहरूको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र अन्य शर्त सम्बन्धमा विनियमावलीमा व्यवस्था गरिने। | कर्मचारीको सेवा, शर्त काम कर्तव्य र अधिकार एवं पारिश्रमिक तोकिने। |
| ६. | ३३(२) | प्रतिष्ठानमा पारदर्शिताको लागि आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्ने भएको हुनाले, | प्रतिष्ठानमा आन्तरिक नियन्त्रण प्रणालीको लागि नियमावलीमा व्यवस्था गरिनेछ। | प्रतिष्ठानका काम कारवाही पारदर्शि एवं मितव्ययी हुनेछन्। |
| ७. | ३९(२) | प्रतिष्ठानले कामको सिलसिलामा गठन समिति वा उप-समिति वा | प्रतिष्ठानले कामको सिलसिलामा गठन समिति वा उप-समिति वा | समिति, उप-समिति, वा कार्यदलको कार्यसर्त र |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यदल गठन गर्ने र गठित समिति, उपसमितिको शर्त तथा कार्यविधि तोक्न पर्ने, | कार्यदल गठन गर्ने र गठित समिति, उपसमितिको शर्त तथा कार्यविधि तोकिने | कार्यविधि तोकिने, |
| ८. | ४६ (२) (क) | सभाको आवश्यक कार्यहरु समयानुकुल विस्तृतिकरण गर्नुपर्ने भएकाले। | सभाको काम कर्तव्य र अधिकार विस्तृतिकरणको लागि नियमावली जारी हुने छ। | सभाको काम, कर्तव्य र अधिकार प्रष्टता आउने छ। |
| ९. | ४६ (२) (ख | कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोक्न आवश्यक भएको। | कार्यकारी परिषद्को बैठक सम्बन्धी काम कार्वाहीलाई व्यवस्थित गर्न नियमावलीमा कार्यविधि सम्बन्धी व्यवस्था गरिने। | कार्यकारी परिषद्को बैठक सम्बन्धी विधि प्रक्रिया तय भएको हुने। |
| १० | ४६ (२) (ग) | कार्यकारी परिषद्को अन्य काम कर्तव्य र अधिकार विस्तृतिकरण गर्न आवश्यक भएको हुनाले, | कार्यकारी परिषद्को काम कर्तव्य र अधिकार विस्तृतिकरणको लागि नियमावली जारी हुने छ। | कार्यकारी परिषद्को थप कार्यमा स्पष्टता आउनेछ। |
| ११ | ४६ (२) (घ) | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोक्न आवश्यक भएको। | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी काम कार्वाहीलाई व्यवस्थित गर्न नियमावलीमा कार्यविधि तय गर्ने । | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी विधि प्रक्रिया तय भएको हुने। |
| १२ | ४६ (२) (ङ) | प्रतिष्ठानको आवश्यक कार्यहरु समयानुकुल विस्तृतिकरण गर्न आवश्यक हुन सक्ने भएकोले। | प्रतिष्ठानको काम कर्तव्य र अधिकार विस्तृतिकरणको लागि नियमावली जारी हुने छ। | प्रतिष्ठानको काम, कर्तव्य र अधिकारमा प्रष्टता आउने छ। |
| १३ | ४६ (२) (च) | अस्पतालको सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा तोक्नुपर्ने भएको हुनाले। | अस्पतालको सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने छ। | अस्पतालको सञ्चालन व्यवस्था कानूनी रुपमा भई सञ्चालन हुनेछ। |
| १४ | ४६ (२) (छ) | उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकको अन्य काम, कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था गर्नु पर्ने भएकोले। | उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकको अन्य काम, कर्तब्य र अधिकार नियमावलीमा निर्धारण हुने। | उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकको अन्य काम, कर्तब्य र अधिकार व्यवस्थित हुने। |
| १५ | ४६ (२) (ज) | पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार नियमावली/विनियमालीमा व्यवस्था गर्नुपर्ने भएको हुनाले, | पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार नियमावली/विनियमालीमा व्यवस्था गरिने। | जनशक्तिको व्यवस्थापन गर्न सहज भएको हुने। |
| १६ | ४६ (२) (झ) | प्रतिष्ठानको कोष र खाताको सञ्चालन गर्ने व्यवस्था गर्नु पर्ने भएकोले। | प्रतिष्ठानको कोष र खाताको सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था | प्रतिष्ठानको कोष र खाता सञ्चालन व्यवस्थित हुन जाने। |

| | | | | |
|---|---|---|---|---|
| | | | हुने। | |
| १७ | ४६ (२) (ञ) | प्रतिष्ठानबाट प्रदान गरिने उपाधि र प्रमाणपत्र सम्बन्धी व्यवस्था नियमावलीमा राख्नुपर्ने भएकाले, | प्रतिष्ठानबाट प्रदान गरिने उपाधि र प्रमाणपत्र सम्बन्धी व्यवस्था नियमावलीमा राखिने, | प्रतिष्ठानबाट प्रदान गरिने उपाधि र प्रमाणपत्र सम्बन्धी व्यवस्था प्रभाकारी भएको हुने। |
| १८ | ४६ (२) (ट) | उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन र निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका सर्त सम्बन्धी व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने भएको हुनाले, | उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन र निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका सर्त सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने, | पधादिकारीको पारिश्रमिक, सुविधा र सेवाको सर्त निर्धारण भएको हुने। |
| १९ | ४७ (१) | प्रतिष्ठानका शिक्षक तथा कर्मचारी र आर्थिक प्रशासन लगायतका अन्य विषयमा विनियम बनाउनुपर्ने, | प्रतिष्ठानका शिक्षक तथा कर्मचारी र आर्थिक प्रशासन लगायतका अन्य विषयमा विनियम बनाइने | शिक्षक कर्मचारीको सेवा शर्त र आर्थिक प्रशासन समेतका विषयमा स्पष्टता र विधिसम्म कार्य हुनेछ। |

## रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र.स. | दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | २ | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दावलीहरु स्पष्ट गरी परिभाषित गरिएको। |
| २. | ३ | प्रतिष्ठानको स्थापना | स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न आवश्यक जनशक्ति तयार गर्न तथा स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने काम समेतको लागि रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गर्न प्रस्ताव गरिएको छ। |
| ३. | ४ | प्रतिष्ठान स्वशासित संस्था हुने | प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्ने, प्रतिष्ठानले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्ने गरी व्यवस्था गरिएको छ। |
| ४. | ५ | प्रतिष्ठानको स्वरूप | प्रतिष्ठानमा रहने सङ्गठनहरूको व्यवस्था यस दफामा गरिएको छ। जसमा सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, विद्या परिषद्, संकाय, अनुसन्धान केन्द्र, शैक्षिक संस्था, अस्पताल र तोकिए बमोजिमका अन्य निकाय रहने गरी प्रस्ताव गरिएको छ। |
| ५. | ६ | प्रतिष्ठानको पदाधिकारी | प्रतिष्ठानको पदाधिकारीमा कुलपति, सहकुलपति, उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन, र निर्देशक व्यवस्था गरी उक्त पदाधिकारीहरु नियुक्त गर्दा पेशागत र व्यवसायिक दक्षता, संस्थागत प्रतिवद्धता, सार्वजनिक रूपमा स्वच्छ छवि र वरिष्ठताका आधारहरुका आधारमा गर्ने प्रस्ताव गरिएको छ। |
| ६. | ७ | प्रतिष्ठानको काम, कर्तव्य र अधिकार | प्रतिष्ठानको काम, कर्तव्य र अधिकारमा स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धान गर्ने, गराउने, गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने, स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने, प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूलाई सुदृढ तुल्याउन र त्यस्ता कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, स्वास्थ्य विज्ञान अध्ययन संस्थान वा अस्पतालसँग समन्वय गर्ने, स्वास्थ्यसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग र अनुभव आदान प्रदान गर्ने, स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन, सेमिनार, अन्तरक्रिया तथा स्वास्थ्य शिविर आयोजना गर्ने, गराउने, स्वास्थ्य सम्बन्धी पाठ्य पुस्तक लगायतका अन्य प्रकाशन गर्ने गरी व्यवस्था गरिएको छ। |
| ७. | ८ | सभाको गठन | कुलपतिको अध्यक्षता र रजिष्ट्रार सदस्य सचिव रहने गरी सभाको गठन गर्ने प्रस्ताव गरिएको छ। |

| | | | |
|---|---|---|---|
| ८. | ९ | सभाको काम, कर्तव्य र अधिकार | सभाको काम कर्तव्य र अधिकारमा प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने, प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने, प्रतिष्ठानको नियम स्वीकृत गर्ने, प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने, तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने, प्रतिष्ठान मातहतका विभिन्न निकायलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने, राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा नेपाल सरकारलाई आवश्यक सुझाव दिने, प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने, प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने, शैक्षिक संस्थाहरुको स्वास्थ्य विज्ञान अध्ययन संस्थानहरूको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने/गराउने, तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने हुने गरी प्रस्ताव गरिएको छ।त्यस्तै परिषद्ले यस ऐन बमोजिम आफुले गर्नु पर्ने कुनै काम गर्नको लागि आवश्यकता अनुसार समिति र उपसमिति गठन गर्न सक्ने त्यस्तो गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि परिषद्ले तोके बमोजिम हुने गरी प्रस्ताव गरिएको छ। यसबाट सभाबाट सम्पादन हुने काममा स्पष्टता कायम हुन जानेछ। |
| ९. | १० | सभाको बैठक | सभाको बैठक व्यवस्थित गर्न र सभाको बैठक बस्ने विधि, निर्णय प्रक्रिया लगायतका विषयलाई निर्दिष्ट गर्न सभाको बैठक र निर्णय सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ। |
| १०. | ११ | कार्यकारी परिषद्को गठन | प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न कार्यकारी परिषद्को गठन प्रस्ताव गरिएको छ। |
| ११. | १२ | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारमा सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने, प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने, प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने, मातहतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने, प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने, आयोगको स्वीकृतिमा तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने, प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवा गर्ने तथा प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग प्राप्त गर्ने समेतको काम कारवाही गर्ने गरी कार्यकारी परिषदको काम, कर्तव्य र अधिकार प्रस्ताव गरिएको छ। |
| १२. | १३ | प्राज्ञिक परिषद्को गठन | प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित र नियमित गर्न एक प्राज्ञिक परिषद्को गठनको प्रस्ताव गरिएको छ। |
| १३. | १४ | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार अन्तर्गत प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने, स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय |

| | | | |
|---|---|---|---|
| | | | र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने गराउने, प्रतिष्ठानको लागि आवश्यक पर्ने प्राविधिक र प्रशासनिक जनशक्ति तथा शिक्षकको योग्यता निर्धारण गर्ने, आयोगले तोके बमोजिम शिक्षकको योग्यता निर्धारण गर्ने, प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने, आयोगले स्वीकृत गरेको मापदण्डमा रही प्रतिष्ठानले प्रदान गर्ने उपाधी र छात्रवृत्ति तथा प्रतिष्ठानको पाठ्यक्रम र शिक्षण बिधि निर्धाण गरी स्वीकृतिको लागि सभा समक्ष सिफारिस गर्ने, पदक र पुरस्कार प्रदान गर्न स्वीकृतिका लागि सभा समक्ष सिफारिस गर्ने समेतका कार्य गर्ने गरी काम, कर्तव्य र अधिकार प्रस्ताव गरिएको छ। |
| १४. | १५ | सङ्काय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्र | प्रतिष्ठानले आवश्यकता अनुसार संकाय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्ने तथा त्यस्तो निकायको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने गरी प्रस्ताव गरिएको छ। |
| १५. | १६ | अस्पतालको स्थापना र सञ्चालन | प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय एवं सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि अस्पतालको स्थापना हुने, यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेको गजेन्द्र नारायण सिहं अस्पताल राजविराजनै प्रतिष्ठानको अस्पतालको रूपमा रहने गरी प्रस्ताव गरिएको छ। |
| १६. | १७ | कुलपति | प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुने, कुलपति प्रतिष्ठानको प्रमुख हुने तथा कुलपतिले प्रतिष्ठानको निरीक्षण गर्न र निर्देशन दिन सक्ने हुने गरी प्रस्ताव गरिएको छ। |
| १७. | १८ | सहकुलपति | स्वास्थ्य मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुने, सहकुलपतिले आवश्यकता अनुसार प्रतिष्ठानको निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्ने गरी प्रस्ताव गरिएको छ। |
| १८. | १९ | उपकुलपति | उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुने गरी उपकुलपतिको योग्यता समेतको व्यवस्था सहितको व्यवस्था प्रस्ताव गरिएको। |
| १९. | २० | उपकुलपतिको काम कर्तव्य र अधिकार | ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकारहरुमा सभाको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने, प्रतिष्ठानका सबै काम कारबाही उपर सामान्य नियन्त्रण र रेखदेख गर्ने, प्रतिष्ठानको काम कारबाहीमा आफ्नो अधिकारक्षेत्रभित्र रहेको विषयमा निर्देशन दिने, प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने र सोको प्रतिवेदन कार्यकारी परिषद्मा पेस गर्ने, सभामा पेस गर्नुपर्ने प्रस्ताव पेस गर्ने, गर्न लगाउने, प्रतिष्ठानको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने, गराउने, प्रतिष्ठानलाई आवश्यक स्रोतको व्यवस्था गर्ने, आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने, गराउने, गरि प्रस्ताव गरिएको छ। |
| २०. | २१ | शिक्षाध्यक्ष | प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा |

| | | | |
|---|---|---|---|
| | | | सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्ने र निजको योग्यताका सम्बन्धमा व्यवस्था गर्ने गरी प्रस्ताव गरिएको छ। |
| २१. | २२ | रजिष्ट्रार | प्रतिष्ठानको आर्थिक तथा कर्मचारी प्रशासन सम्वन्धी कामको रेखदेखको लागि उपकुलपतिको सिफारिशमा सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्ने, निजको योग्यता र काम, कर्तव्य र अधिकारको व्यवस्था हुने गरी प्रस्ताव गरिएको छ। |
| २२. | २३ | डीन | प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्नको लागि डीनको नियुक्ति गर्ने व्यवस्था र निजको काम कर्तव्य र अधिकार समेत रहने गरी प्रस्ताव गरिएको छ। |
| २३. | २४ | निर्देशक | प्रतिष्ठान अन्तर्गतको अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि निर्देशकको नियुक्ति, निजको योग्यता, काम कर्तव्य र अधिकार प्रस्ताव गरिएको छ। |
| २४. | २५ | शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन वा निर्देशकको नियुक्ति | शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन वा निर्देशकको नियुक्ति सम्बन्धी व्यवस्था विस्तृतिकरण गर्ने गरी प्रस्ताव गरिएको छ। |
| २५. | २६ | पदबाट हटाउन सक्ने | उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन वा निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा पद अनुरूपको आचरण नगरेमा वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पूरा नगरेमा वा प्रतिष्ठानको हित विपरीत कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने पदाधिकारीलाई जुनसुकै बखत पदमा हटाउन सक्ने, सोको लागि छानविन समिति गठन गर्ने, छानविन समिति गठन भए पछि उक्त छानविनमा रहेका पदाधिकारी पदबाट स्वत निलम्बन हुने साथै हटाउनु अघि सफाईको मौका दिनुपर्ने लगायतका व्यवस्था प्रस्ताव गरिएको छ। |
| २६. | २७ | पद रिक्त भएको मानिने | उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन वा निर्देशकको पद रिक्त भएको मानिने अवस्थाहरू प्रस्ताव गरिएको छ। |
| २७. | २८ | कार्यवाहक तोक्न सकिने | उपकुलपतिको पद रिक्त भएको अवस्थामा सो अवधिभर कार्य सञ्चालन गर्नका लागि रजिष्ट्रार बहाल रहेको भएमा रजिष्ट्रारलाई र रजिष्ट्रारको पद समेत रिक्त रहेको अवस्थामा वरिष्ठतम् पदाधिकारीलाई कार्यवाहक तोक्ने गरी प्रस्ताव गरिएको। |
| २८. | २९ | पदपूर्ति समिति | प्रतिष्ठानका कर्मचारी तथा शिक्षकहरुको पदपूर्ति सम्बन्धी कार्य गर्नको लागि पदपूर्ति समिति गठन गर्ने गरी प्रस्ताव गरिएको छ। |
| २९. | ३० | प्रतिष्ठानका शिक्षक तथा कर्मचारी | प्रतिष्ठान सुचारु रुपले सञ्चालन गर्न योग्यता प्रणालीको आधारमा शिक्षक तथा कर्मचारीको नियुक्त हुने गरी व्यवस्था प्रस्ताव गरिएको छ । |
| ३०. | ३१ | कर्मचारी प्रतिष्ठानमा रहन सक्ने | प्रतिष्ठानलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि प्रतिष्ठानका कर्मचारीका अतिरिक्त गजेन्द्र नारायण सिंह अस्पतालमा कार्यरत कर्मचारी र नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुलाई समेत प्रतिष्ठानमा समायोजन तथा व्यवस्थापन गर्ने गरी प्रस्ताव गरिएको छ। |
| ३१. | ३२ | प्रतिष्ठानको | प्रतिष्ठानको एउटा छुट्टै कोष हुने तथा उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, शैक्षिक |

| | | | |
|---|---|---|---|
| | | कोष | शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरूप प्राप्त रकम तथा अन्य स्रोतबाट प्राप्त रकम रहने गरी प्रस्ताव गरिएको छ। |
| ३२. | ३३ | लेखा र लेखापरीक्षण | प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने तथा प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने गरी प्रस्ताव गरिएको छ। |
| ३३. | ३४ | स्वार्थको द्वन्द्व भएमा काम कारवाही गर्न नहुने | ऐन अन्तर्गत मनोनयन वा नियुक्त भएका पदाधिकारीले प्रतिष्ठानको हित वा सरोकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष वा परोक्ष रुपमा कुनै हित, सरोकार वा स्वार्थ नरहेको घोषणा गर्ने र त्यस्तो निर्णयमा प्रक्रियाबाट अलग रहने गरी स्वर्थको द्वन्द्वबाट टाढा रहने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ३४. | ३५ | उपाधि र प्रमाणपत्र | प्रतिष्ठानबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई प्रतिष्ठानले उपाधि र प्रमाणपत्र प्रदान गर्ने विषय, प्रतिष्ठानले अनुसन्धान र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्ने गरी प्रस्ताव गरिएको छ। |
| ३५. | ३६ | सम्बन्धन वा स्वीकृति दिन नसक्ने | प्रतिष्ठानले आफ्नो शिक्षण संस्था बाहेक अन्य कुनै शिक्षण संस्थालाई सम्बन्धन वा स्वीकृति नदिने गरी व्यवस्था गरिएको छ। |
| ३६. | ३७ | समावेशी सिद्धान्तको आधारमा मनोनयन गर्ने | ऐनबमोजिम सभा, प्राज्ञिक परिषद् तथा कार्यकारी परिषद्को सदस्यको मनोनयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यबाट समावेशी सिद्धान्तका आधारमा गर्नु पर्ने गरी प्रस्ताव गरिएको छ। |
| ३७. | ३८ | सिट सङ्ख्या निर्धारण, आरक्षण, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति | चिकित्सा शिक्षा अध्ययनको सिट सङ्ख्या निर्धारण, आरक्षण, प्रवेश परीक्षा, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति सम्बन्धी व्यवस्था प्रचलित चिकित्सा शिक्षा सम्बन्धी कानूनमा व्यवस्था भएबमोजिम हुने गरी प्रस्ताव गरिएको छ। |
| ३८. | ३९ | समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्ने | प्रतिष्ठानको कामका सन्दर्भमा प्रतिष्ठानका सङ्गठनले आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति तथा कार्यदल गठन गर्न सक्ने गरी व्यवस्था गरिएको छ। |
| ३९. | ४० | अधिकार प्रत्यायोजन | सभाले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ।<br>त्यस्तै प्राज्ञिक परिषद् वा कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| ४०. | ४१ | नेपाल सरकारसँग सम्पर्क | प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट प्रतिष्ठानको सम्पर्क मन्त्रालयको रुपमा नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय रहने गरी प्रस्ताव गरिएको छ। |
| ४१. | ४२ | बिघटन हुँदाको परिणाम | कुनै कारणले प्रतिष्ठान सञ्चालन हुन नसक्ने भएमा नेपाल सरकारले सभाको सिफारिसमा प्रतिष्ठान विघटन गर्न सक्ने गरी गरी व्यवस्था गरिएको छ। |
| ४२. | ४३ | वार्षिक प्रतिवेदन | प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले सो आर्थिक वर्षमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन उपकुलपतिमार्फत सभासमक्ष पेस गर्ने, प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले सो आर्थिक वर्षमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुरा उल्लेख गर्नु पर्ने गरी प्रस्ताव गरिएको छ। |
| ४३. | ४४ | स्वीकृति लिनुपर्ने | प्रतिष्ठानले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै काम वा निर्णय गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने गरी प्रस्ताव गरिएको छ। |
| ४४. | ४५ | शपथ लिनु पर्ने | प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि शपथ लिनु पर्ने व्यवस्था गरिएको छ। यसबाट शपथ सम्बन्धी ऐन, २०७९ बमोजिमको कानूनी प्रवन्ध कार्यान्वयनमा गई पदाधिकारीमा जवाफदेहिता तथा उत्तरदायित्वसमेत वृद्धि हुन जानेछ। |
| ४५. | ४६ | नियम बनाउन सक्ने | यस ऐनको अधीनमा रही सभाले नियम बनाउन सक्ने विषयहरू समावेश गरिएको छ। |
| ४६. | ४७ | विनियम बनाउन सक्ने | यस ऐनको अधीनमा रही सभाले विनियम बनाउन सक्ने विषयहरू समावेश हुने गरी प्रस्ताव गरिएको गरिएको छ। |
| ४७. | ४८ | खारेजी र बचाउ | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० खारेज गरिएको, यस आदेश बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने र यो ऐन प्रारम्भ भएपछि विकास समितिको सम्पूर्ण सम्पत्ति र दायित्व प्रतिष्ठानमा सर्नेगरी व्यवस्था गरिएको छ। त्यस्तै ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको गजेन्द्र नारायण सिंह अस्पतालको सम्पूर्ण चल-अचल सम्पत्ति तथा दायित्व प्रतिष्ठानमा गरी प्रस्ताव गरिएको छ। |

# रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक

**प्रस्तावना :** स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानद्वारा मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्न तथा सर्वसाधारणलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले दफा १६ बमोजिम स्थापना भएको प्रतिष्ठानको अस्पताल सम्झनुपर्छ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनुपर्छ।

(ग) "उपकुलपति" भन्नाले दफा १९ बमोजिमको उपकुलपति सम्झनुपर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनुपर्छ।

(ङ) "कुलपति" भन्नाले दफा १७ बमोजिमको कुलपति सम्झनुपर्छ।

(च) "डीन" भन्नाले दफा २३ बमोजिमको डीन सम्झनुपर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "निर्देशक" भन्नाले दफा २४ बमोजिमको अस्पतालको निर्देशक सम्झनुपर्छ।

(झ) "पदाधिकारी" भन्नाले दफा ६ बमोजिमको पदाधिकारी सम्झनुपर्छ।

(ञ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनुपर्छ।

(ट) "प्राज्ञिक परिषद्" भन्नाले दफा १३ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनुपर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ड) "रजिष्ट्रार" भन्नाले दफा २२ बमोजिमको रजिष्ट्रार सम्झनुपर्छ।

(ढ) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएको व्यक्ति सम्झनुपर्छ।

(ण) "शिक्षाध्यक्ष" भन्नाले दफा २१ बमोजिमको शिक्षाध्यक्ष सम्झनुपर्छ।

(त) "सभा" भन्नाले दफा ८ बमोजिम गठन भएको सभा सम्झनुपर्छ।

(थ) "सहकुलपति" भन्नाले दफा १८ बमोजिमको सहकुलपति सम्झनु पर्छ।

## परिच्छेद-२
## प्रतिष्ठानको स्थापना, सङ्गठन तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापना** : (१) स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धानद्वारा आवश्यक जनशक्ति तयार गर्न तथा सर्वसाधारणलाई सहज, सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय सप्तरी जिल्लाको राजविराज नगरपालिकामा रहनेछ।

(३) प्रतिष्ठानलाई अङ्ग्रेजी भाषामा रामराजा प्रसाद सिंह एकेडेमी अफ हेल्थ साइन्सेज भनिनेछ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुने** : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ ।

(२) प्रतिष्ठानले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **प्रतिष्ठानको सङ्गठन संरचना र स्वरूप** : (१) प्रतिष्ठानको सङ्गठनात्मक संरचना देहायबमोजिम हुनेछ :-

(क) सभा,

(ख) कार्यकारी परिषद्,

(ग) प्राज्ञिक परिषद्,

(घ) पदपूर्ति समिति,

(ङ) सङ्काय,

(च) अनुसन्धान केन्द्र,

(छ) शिक्षण संस्था, र

(ज) अस्पताल।

(२) उपदफा (१) बमोजिमका सङ्गठनको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुनेछ।

६. **प्रतिष्ठानको पदाधिकारी** : (१) प्रतिष्ठानमा देहायका पदाधिकारी रहनेछन् :-

(क) कुलपति,

(ख) सहकुलपति,

(ग) उपकुलपति,

(घ) शिक्षाध्यक्ष,

(ङ) रजिष्ट्रार,

(च) डीन, र

(छ) निर्देशक।

(२) उपदफा (१) बमोजिमको पदाधिकारी नियुक्त गर्दा पेसागत र व्यावसायिक दक्षता, संस्थागत प्रतिबद्धता, सार्वजनिक रूपमा स्वच्छ छवि र वरिष्ठतालाई आधार लिनु पर्नेछ।

७. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धान गर्ने, गराउने,

(ख) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(ग) सर्वसाधारणलाई गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(घ) प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमलाई सुदृढ तुल्याउन र त्यस्ता कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, स्वास्थ्य शिक्षण संस्था वा अस्पतालसँग आवश्यक समन्वय गर्ने,

(ङ) स्वास्थ्य विज्ञानसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग र अनुभव आदान प्रदान गर्ने,

(च) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन, सेमिनार, अन्तरक्रिया तथा स्वास्थ्य शिविर आयोजना गर्ने, गराउने, र

(छ) स्वास्थ्य सम्बन्धी विभिन्न पाठ्यपुस्तक लगायतका अन्य प्रकाशन तयार गर्ने।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठानको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना दफा ५ बमोजिमका संगठनबाट हुनेछ।

## परिच्छेद-३
## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

८. **सभाको गठन** : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहायबमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | कुलपति | -अध्यक्ष |
| (ख) | सहकुलपति | -उपाध्यक्ष |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) | -सदस्य |
| (घ) | उपकुलपति | -सदस्य |
| (ङ) | उपाध्यक्ष, आयोग | -सदस्य |
| (च) | स्वास्थ्य विज्ञान सम्बन्धी उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय तथा अन्य स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिहरू मध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाले मनोनयन गरेको दुईजना | -सदस्य |
| (छ) | सचिव, मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ञ) | प्रमुख, राजविराज नगरपालिका, सप्तरी | -सदस्य |
| (ट) | सचिव, मधेश प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ठ) | शिक्षाध्यक्ष | -सदस्य |
| (ड) | डीन मध्येबाट सभाले मनोनयन गरेको एकजना | -सदस्य |
| (ढ) | शिक्षकमध्ये प्राज्ञिक परिषद्को सिफारिसमा सभाले मनोनयन गरेका कम्तीमा एकजना महिलासहित दुईजना | -सदस्य |
| (ण) | अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | -सदस्य |
| (त) | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | -सदस्य |
| (थ) | मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्सा शिक्षा सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सहकुलपतिले मनोनयन गरेका कम्तीमा एकजना महिलासहित दुईजना | -सदस्य |

(द) विज्ञान तथा प्रविधि, व्यवस्थापन, कानून, शिक्षा, समाजशास्त्र, वा मानवशास्त्र सम्बन्धी विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट सभाले मनोनयन गरेका कम्तीमा एकजना महिलासहित दुईजना -सदस्य

(ध) समाजसेवी वा चन्दादातामध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(न) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेका दलित, आदिवासी/जनजाति तथा पिछडा वर्गको प्रतिनिधित्व हुने गरी कार्यकारी परिषद्को सिफारिसमा सभाले मनोनयन गरेका कम्तीमा दुई जना महिलासहित तीनजना -सदस्य

(प) निर्देशक -सदस्य

(फ) रजिष्ट्रार -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा वा निजको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा निजलाई सभाले जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई कम्तीमा सात दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

९. **<u>सभाको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्राज्ञिक परिषद्को सिफारिसको आधारमा प्रतिष्ठानको पाठ्यक्रम, शिक्षण विधि तथा प्रतिष्ठानले प्रदान गर्ने छात्रवृत्ति, उपाधि, पदक र पुरस्कार स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र संवर्धन गर्ने,

(ङ) प्रतिष्ठानको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने,

(च) स्वास्थ्य विज्ञानसँग सम्बन्धित शिक्षण संस्था तथा अस्पतालसँग प्राज्ञिक तथा स्वास्थ्य सेवाका विषयमा समन्वय र सहकार्य गर्ने,

(छ) शिक्षण संस्थाको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने,

(ज) स्वास्थ्य तथा शिक्षा सम्बन्धी नीति निर्माण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने, र

(झ) प्रतिष्ठानका अन्य सङ्गठनात्मक संरचना तथा मातहतका निकायलाई निर्देशन दिने।

१०. **<u>सभाको बैठक</u>** : (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सभामा तत्काल कायम रहेको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

**<u>स्पष्टीकरण</u>** : यस दफाको प्रयोजनको लागि "सदस्य" भन्नाले सभाको सदस्य सम्झनु पर्छ र सो शब्दले सभाको अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।

(४) सभाको बैठकमा आवश्यकता अनुसार अन्य व्यक्ति वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) सभाको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ।

(८) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार</u>

११. **<u>कार्यकारी परिषद्को गठन</u>** : (१) प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) कार्यकारी परिषद्को गठन देहायबमोजिम हुनेछ :-

(क) उपकुलपति -अध्यक्ष

(ख) शिक्षाध्यक्ष -सदस्य

(ग) मन्त्रालयले तोकेको नेपाल स्वास्थ्य सेवाको कम्तीमा एघारौं तह वा सो सरहको अधिकृत प्रतिनिधि -सदस्य

(घ) डीन मध्येबाट उपकुलपतिको सिफारिसमा सभाले मनोनयन गरेको एकजना -सदस्य

(ङ) निर्देशक -सदस्य

(च) प्रतिष्ठानको विभागका प्रमुखमध्ये उपकुलपतिको

सिफारिसमा सभाबाट मनोनीत दुईजना -सदस्य

(छ) शिक्षकमध्ये उपकुलपतिबाट मनोनीत एकजना -सदस्य

(ज) रजिष्ट्रार -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको खराब आचरण भएमा, निजमा कार्यक्षमताको अभाव देखिएमा वा निजले पदीय दायित्व पूरा नगरेमा कार्यकारी परिषद्ले निजलाई जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई कम्तीमा सात दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

१२. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार** : (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्ताव तयार गरी स्वीकृतिको लागि सभामा पेस गर्ने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियम तथा विनियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेस गर्ने,

(ग) सभाबाट स्वीकृत उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्ने,

(घ) मातहतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(ङ) प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(च) आयोगको स्वीकृतिमा तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(छ) प्रतिष्ठानको स्वीकृत दरबन्दीमा पदपूर्ति समितिको सिफारिसबमोजिम शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवा गर्ने,

(ज) आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(झ) प्रतिष्ठानलाई प्राप्त सहयोग र सहायता परिचालन गर्ने, र

(ञ) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने।

## परिच्छेद-५
## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१३. **प्राज्ञिक परिषद्को गठन** : (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित र नियमित गर्न एक प्राज्ञिक परिषद् रहनेछ।

(२) प्राज्ञिक परिषद्को गठन देहायबमोजिम हुनेछ :-

(क) शिक्षाध्यक्ष -अध्यक्ष

(ख) रजिष्ट्रार -सदस्य

(ग) निर्देशक -सदस्य

(घ) प्रतिष्ठानको विभागका प्रमुखहरू मध्येबाट उपकुलपतिले मनोनयन गरेको दुईजना -सदस्य

(ङ) शिक्षकमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाले मनोनयन गरेको एकजना -सदस्य

(च) स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(छ) डीनमध्ये उपकुलपतिबाट मनोनीत एकजना -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको खराब आचरण भएमा वा निजमा कार्यक्षमताको अभाव देखिएमा वा निजले पदीय दायित्व पूरा नगरेमा प्राज्ञिक परिषद्ले निजलाई जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई कम्तीमा सात दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

१४. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार** : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित तथा नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेस गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने प्राविधिक र प्रशासनिक जनशक्तिको योग्यता निर्धारण गर्ने,

(घ) आयोगले तोकेबमोजिम शिक्षकको योग्यता निर्धारण गर्ने,

(ङ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण गर्ने,

(च) आयोगले स्वीकृत गरेको मापदण्डको अधीनमा रही प्रतिष्ठानले प्रदान गर्ने उपाधि र छात्रवृत्ति तथा प्रतिष्ठानको पाठ्यक्रम र शिक्षण विधि निर्धारण गरी स्वीकृतिका लागि सभासमक्ष सिफारिस गर्ने,

(छ) पदक र पुरस्कार प्रदान गर्न स्वीकृतिका लागि सभासमक्ष सिफारिस गर्ने,

(ज) परीक्षाको मापदण्ड निर्धारण गर्ने तथा परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(झ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालिम तथा प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने, र

(ञ) सभाबाट भएको प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने।

## परिच्छेद-६
## सङ्काय, शिक्षण संस्था, विभाग, अनुसन्धान केन्द्र र अस्पताल

**१५. सङ्काय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्र** : (१) प्रतिष्ठानले आवश्यकताअनुसार सङ्काय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित सङ्काय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

**१६. अस्पतालको स्थापना र सञ्चालन** : (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि शिक्षण अस्पतालको स्थापना गर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको गजेन्द्र नारायण सिंह अस्पताल उपदफा (१) बमोजिमको शिक्षण अस्पतालको रूपमा रहनेछ।

## परिच्छेद-७
## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

**१७. कुलपति** : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ।

(३) कुलपतिले प्रतिष्ठानको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

**१८. सहकुलपति** : (१) नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।

(२) सहकुलपतिले आवश्यकता अनुसार प्रतिष्ठानको निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ।

**१९. उपकुलपति** : (१) उपकुलपति प्रतिष्ठानको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ र निज पुनः एकपटक नियुक्त हुन सक्नेछ।

(३) देहायको योग्यता भएको व्यक्ति उपकुलपतिको पदमा नियुक्त हुन योग्य हुनेछ :-

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्सा शिक्षा विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको र कुनै विश्वविद्यालय वा शिक्षण संस्थाको प्राध्यापक पदमा रही कम्तीमा पाँच वर्ष काम गरेको,

(ख) पैंतिस वर्ष उमेर पूरा भएको र नियुक्ति हुँदाको बखत पैंसट्ठी वर्ष ननाघेको, र

(ग) प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नभएको।

(४) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिले सहकुलपतिको अध्यक्षतामा अन्य दुईजना सदस्य रहेको एक समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ।

(५) उपदफा (४) बमोजिमको समितिको कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**२०. उपकुलपतिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रतिष्ठानका काम कारबाही उपर सामान्य नियन्त्रण र रेखदेख गर्ने,

(ख) प्रतिष्ठानको काम कारबाहीको विषयमा निर्देशन दिने,

(ग) प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने र सोको प्रतिवेदन कार्यकारी परिषद्मा पेस गर्ने,

(घ) सभामा पेस गर्नुपर्ने प्रस्ताव पेस गर्ने, गर्न लगाउने,

(ङ) प्रतिष्ठानको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने, गराउने,

(च) प्रतिष्ठानलाई आवश्यक स्रोतको व्यवस्था गर्ने,

(छ) आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने, गराउने,

(ज) प्रतिष्ठानको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने, गराउने,

(झ) प्रतिष्ठानसँग सम्बन्धित जनगुनासो व्यवस्थापन गर्ने, र

(ञ) सभाको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने।

२१. **<u>शिक्षाध्यक्ष</u>** : (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि एक जना शिक्षाध्यक्ष नियुक्त गरिनेछ।

(२) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्सा शिक्षा विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै विश्वविद्यालय वा शिक्षण संस्थाको प्राध्यापक पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति शिक्षाध्यक्षको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(५) शिक्षाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको शैक्षिक कार्यक्रमको प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) प्रतिष्ठानमा कार्यरत सम्पूर्ण शिक्षकको सामान्य रेखदेख, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने,

(ग) शैक्षिक प्रशासन सम्बन्धमा सभाबाट भएको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) प्रतिष्ठानको दिक्षान्त समारोहको व्यवस्था मिलाउने, र

(ङ) सम्बन्धित सङ्कायका डीन, विभागका प्रमुख तथा शिक्षकबाट शिक्षण, प्रशिक्षण र अनुसन्धानको उचित स्तर कायम राख्न लगाउने।

२२. **<u>रजिष्ट्रार</u>** : (१) प्रतिष्ठानको आर्थिक र कर्मचारी प्रशासन सम्बन्धी काम गर्न एकजना रजिष्ट्रारको नियुक्ति गरिनेछ।

(२) मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको र व्यवस्थापन वा प्रशासनको क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको व्यक्ति रजिष्ट्रार पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(५) रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ख) प्रतिष्ठानको कोष सञ्चालन गर्ने तथा लेखा परीक्षण गराउने, र

(ग) प्रतिष्ठानको आन्तरिक प्रशासन र आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने, गराउने।

२३. **डीन** : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्न प्रत्येक सङ्कायमा एकजना डीनको नियुक्ति गरिनेछ।

(२) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्सा शिक्षा विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै विश्वविद्यालय वा शिक्षण संस्थाको कम्तीमा सह-प्राध्यापक पदमा तीन वर्ष काम गरेको व्यक्ति डीनको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) डीनको पदावधि चार वर्षको हुनेछ।

(५) डीनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) शैक्षिक तथा अनुसन्धानात्मक कार्यक्रमको रेखदेख गर्ने,

(ख) प्रतिष्ठान अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको विकासका लागि आवश्यक पर्ने कार्य गर्ने, गराउने,

(ग) शिक्षण संस्थामा सञ्चालित पठनपाठन र अनुसन्धानको गुणस्तर विकासका लागि आवश्यक कार्य गर्ने, गराउने, र

(घ) शिक्षण संस्थालाई शैक्षिक तथा अनुसन्धानको लागि सहयोग र सुविधा दिन सिफारिस गर्ने।

२४. **निर्देशक** : (१) अस्पतालको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना निर्देशक नियुक्ति गरिनेछ।

(२) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्सा शिक्षा विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको र कम्तीमा सहप्राध्यापक पदमा काम गरेको वा सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा दशौं तह वा सो सरहको पदमा काम गरेको व्यक्ति निर्देशकको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) निर्देशक प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(५) निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अस्पतालको सेवा प्रवाहको सम्बन्धमा आवश्यक रेखदेख तथा नियन्त्रण गर्ने,

(ख) अस्पतालको स्वीकृत योजना तथा निर्धारित लक्ष्य अनुरूप अस्पताल सञ्चालन गर्ने, र

(ग) अस्पतालको भौतिक पूर्वाधार तथा चल-अचल सम्पत्तिको रेखदेख, संरक्षण र व्यवस्थापन गर्ने।

२५. **शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकको नियुक्ति** : (१) कार्यकारी परिषद्ले बनाएको कार्यविधिबमोजिम छनौट भएका व्यक्तिलाई उपकूलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्ष,

रजिष्ट्रार, डीन वा निर्देशकको पदमा नियुक्त गर्नेछ र निजहरू पुनः एकपटक नियुक्त हुन सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी परिषद् गठन भई नसकेको अवस्थामा पहिलो पटकको लागि मन्त्रालयले जारी गरेको कार्यविधिबमोजिम नियुक्ति गर्न बाधा पर्नेछैन।

(३) उपदफा (१) बमोजिमको कार्यविधि कार्यकारी परिषद्ले र उपदफा (२) बमोजिमको कार्यविधि मन्त्रालयले बनाउन सक्नेछ।

२६. **पदाधिकारीलाई पदबाट हटाउन सकिने** : (१) दफा १९ को उपदफा (२), दफा २१ को उपदफा (४), दफा २२ को उपदफा (४), दफा २३ को उपदफा (४) र दफा २४ को उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन वा निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, पद अनुरूपको आचरण पालना नगरेमा, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पूरा नगरेमा वा प्रतिष्ठानको हित विपरीत कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने पदाधिकारीलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ।

(२) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारलाई पदबाट हटाउनु अघि उपदफा (१) बमोजिम कार्य गरेको भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एकजना सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ।

(३) डीन र निर्देशकलाई पदबाट हटाउनुअघि उपदफा (१) बमोजिम कार्य गरेको सम्बन्धमा छानबिन गर्न उपकुलपतिले कार्यकारी परिषद्का सदस्यमध्ये कुनै सदस्यको अध्यक्षतामा अन्य दुईजना विषय विज्ञ रहने गरी एक छानबिन समिति गठन गर्नेछ।

तर कार्यकारी परिषद्मा सदस्य रहेका डीन वा निर्देशकउपर यस दफाबमोजिम छानबिन गर्नु पर्ने भएमा कार्यकारी परिषद्को बैठकमा त्यस्तो डीन वा निर्देशक सहभागी हुन पाउने छैन।

(४) उपदफा (२) वा (३) बमोजिमको छानबिन समितिले सम्बन्धित पदाधिकारीले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण पालना नगरेको, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पुरा नगरेको वा प्रतिष्ठानको हित विपरीतको कार्य गरेको सम्बन्धमा छानबिन गरी उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारको हकमा सभासमक्ष र डीन वा निर्देशकको हकमा कार्यकारी परिषद्समक्ष सिफारिस सहित प्रतिवेदन पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको छानबिन समितिको प्रतिवेदन सभा र कार्यकारी परिषद्बाट पारित भएमा कुलपतिले उपकुलपतिलाई, सहकुलपतिले शिक्षाध्यक्ष, रजिष्ट्रार, निर्देशक र डीनलाई जुनसुकै बखत निजको पदबाट हटाउनेछ।

(६) उपदफा (५) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउनु अघि छानबिन समितिले निजलाई कम्तीमा सात दिनको म्याद दिई निज उपर लागेको आरोपको सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(७) उपदफा (२) बमोजिम छानबिन समिति गठन भएपछि प्रतिष्ठानको सम्बन्धित पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

२७. **<u>पद रिक्त भएको मानिने</u>** : देहायको कुनै अवस्थामा उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन वा निर्देशकको पद रिक्त भएको मानिनेछ :-

(क) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) दफा २६ बमोजिम पदबाट हटाएमा,

(घ) निजको मृत्यु भएमा।

२८. **<u>कार्यवाहक तोक्न सकिने</u> :** उपकुलपतिको पद रिक्त भएको अवस्थामा सो अवधिभर कार्य सञ्चालन गर्न कुलपतिले प्रतिष्ठानको रजिष्ट्रार बहाल रहेको भएमा रजिष्ट्रारलाई र रजिष्ट्रारको पद समेत रिक्त रहेको अवस्थामा बरिष्ठतम् पदाधिकारीलाई कार्यवाहक उपकुलपति तोक्न सक्नेछ ।

२९. **<u>पदपूर्ति समिति</u>** : (१) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक पदपूर्ति समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिको गठन देहायबमोजिम हुनेछ :-

(क) दफा ८ को उपदफा (२) को खण्ड (थ) र (द) बमोजिमका सदस्यमध्ये सभाले मनोनयन गरेको सदस्य - अध्यक्ष

(ख) लोक सेवा आयोगको सचिव वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य

(ग) रजिष्ट्रार - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको अध्यक्षको पदावधि दफा ८ को उपदफा (३) को अधीनमा रही बढीमा तीन वर्षको हुनेछ।

(४) पदपूर्ति समितिले उपदफा (१) बमोजिम शिक्षकको नियुक्तिको लागि सिफारिस गर्दा आयोगले तोकेको मापदण्डलाई आधार लिनु पर्नेछ।

(५) पदपूर्ति समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

३०. **<u>प्रतिष्ठानका शिक्षक तथा कर्मचारी</u>** : (१) प्रतिष्ठानमा आवश्यक सङ्ख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा दफा २९ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा हुनेछ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त प्रतिष्ठानको कर्मचारी प्रशासन सम्बन्धी विनियममा व्यवस्था भएबमोजिम हुनेछ।

३१. **प्रतिष्ठानको कर्मचारीको रूपमा रहने** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत गजेन्द्र नारायण सिंह अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवाका स्थायी कर्मचारीमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐन अन्तर्गत बनेको कर्मचारी प्रशासन सम्बन्धी विनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई मन्त्रालयले प्रतिष्ठानको कर्मचारीको रूपमा रहन स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ।

## परिच्छेद-८
## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

३२. **कोष** : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) अध्ययन, तालिम तथा अनुसन्धान, शिक्षण शुल्क वा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) कुनै स्वदेशी व्यक्ति वा सङ्घ-संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्रतिष्ठानलाई प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट कुनै रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम प्रचलित कानूनबमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

३३. **लेखा र लेखापरीक्षण** : (१) प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून र नेपाल सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम राख्नु पर्नेछ।

(२) प्रतिष्ठानले तोकिएबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण कार्यकारी परिषद्ले तोकेको प्रचलित कानून बमोजिमको दर्तावाला लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(४) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-९
## विविध

३४. **स्वार्थको द्वन्द्व भएमा काम कारबाही गर्न नहुने** : यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त भएका पदाधिकारीले प्रतिष्ठानको हित वा सरोकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष वा परोक्ष रूपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा सोको स्वघोषणा गरी त्यस्तो विषयको निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ ।

३५. **उपाधि र प्रमाणपत्र** : (१) प्रतिष्ठानबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई सभाले स्वीकृत गरे बमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गरिनेछ।

(२) प्रतिष्ठानले अनुसन्धान र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

३६. **सम्बन्धन वा स्वीकृति दिन नसक्ने** : प्रतिष्ठानले आफ्नो शिक्षण संस्था बाहेक अन्य कुनै शिक्षण संस्थालाई सम्बन्धन वा स्वीकृति दिनेछैन।

३७. **समावेशी सिद्धान्तको आधारमा मनोनयन गर्ने** : यो ऐनबमोजिम सभा, प्राज्ञिक परिषद् तथा कार्यकारी परिषद्को सदस्यको मनोनयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यबाट समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

३८. **सिट सङ्ख्या निर्धारण, आरक्षण, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सा शिक्षा अध्ययनको सिट सङ्ख्या निर्धारण, आरक्षण, प्रवेश परीक्षा, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति सम्बन्धी व्यवस्था चिकित्सा शिक्षा सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।

३९. **समिति, उपसमिति वा कार्यदल गठन गर्नसक्ने** : (१) प्रतिष्ठानको कामका सन्दर्भमा प्रतिष्ठानका सङ्गठनले आवश्यकताअनुसार विभिन्न समिति, उपसमिति तथा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समिति, उपसमिति वा कार्यदलको कार्यक्षेत्र, कार्य शर्त तथा कार्याविधि त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दा तोक्नु पर्नेछ।

४०. **अधिकार प्रत्यायोजन** : (१) सभाले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद् र कार्यकारी परिषद्ले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४१. **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नु पर्नेछ।

४२. **<u>विघटन हुँदाको परिणाम</u>** : (१) कुनै कारणले प्रतिष्ठान सञ्चालन हुन नसक्ने भएमा नेपाल सरकारले सभाको सिफारिसमा प्रतिष्ठान विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठान विघटन भएमा प्रतिष्ठानको चल, अचल सम्पत्ति र दायित्व नेपाल सरकारको हुनेछ।

४३. **<u>वार्षिक प्रतिवेदन</u>** : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले सो आर्थिक वर्षमा गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन उपकुलपतिमार्फत सभासमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले सो आर्थिक वर्षमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुरा उल्लेख गर्नु पर्नेछ।

४४. **<u>स्वीकृति लिनु पर्ने</u>** : प्रतिष्ठानले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै काम वा निर्णय गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

४५. **<u>शपथ लिनु पर्ने</u>** : प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त वा मनोनयन भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि शपथ सम्बन्धी प्रचलित कानून बमोजिमको ढाँचामा तोकिएको पदाधिकारीसमक्ष शपथ लिनु पर्नेछ।

४६. **<u>नियम बनाउने अधिकार</u>** : (१) यस ऐनको कार्यान्वयनका लागि सभाले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सभाले देहायका विषयमा नियम बनाउन सक्नेछ :-

(क) सभाको अन्य काम, कर्तव्य र अधिकार,

(ख) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि,

(ग) कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार,

(घ) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि,

(ङ) प्राज्ञिक परिषद्को अन्य काम, कर्तव्य र अधिकार,

(च) अस्पतालको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विषय,

(छ) उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकको अन्य काम, कर्तव्य र अधिकार,

(ज) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार,

(झ) प्रतिष्ठानको कोष र खाताको सञ्चालन सम्बन्धी विषय,

(ञ) उपाधि, मानार्थ उपाधि र प्रमाणपत्र सम्बन्धी विषय, र

(ट) उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका सर्त सम्बन्धी विषय।

(३) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

४७. **विनियम बनाउन सक्ने** : (१) यस ऐनको अधीनमा रही सभाले शिक्षक तथा कर्मचारी प्रशासन र आर्थिक प्रशासन लगायतका अन्य विषयमा आवश्यक विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

४८. **खारेजी र बचाउ** : (१) रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेशबमोजिम भए गरेका सबै काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिमको विकास समितिको सम्पूर्ण सम्पत्ति र दायित्व प्रतिष्ठानमा सर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको गजेन्द्र नारायण सिंह अस्पतालको सम्पूर्ण चल-अचल सम्पत्ति तथा दायित्व प्रतिष्ठानमा सर्नेछ।

(५) उपदफा (१) बमोजिमको आदेश बमोजिमको विकास समितिमा कार्यरत स्थायी कर्मचारीलाई प्रतिष्ठानको समान स्तर र तहमा मिलान गरिनेछ।